काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २४५ ❐ बुधवार, ३ असार, २०८३ ❐ Wednesday, 17 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

रास्वपा कर्णालीको सभापतिमा पुनः मदन खड्का



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कर्णाली प्रदेशको प्रथम अधिवेशनबाट मदन खड्का पुनः प्रदेश सभापतिमा निर्वाचित भएका छन् । सभापति पदका लागि भएको प्रतिस्पर्धामा उनले स्नेहा उपाध्याय नेपाल र नन्दकिशोर बस्नेतलाई पराजित गर्दै नेतृत्वमा निरन्तरता पाएका हुन् ।

यसअघि पनि कर्णाली प्रदेश सभापतिको जिम्मेवारी सम्हाल्दै आएका खड्काले अधिवेशनमार्फत पुनः पार्टीको नेतृत्व हात पारेका छन् । निर्वाचन परिणाम सार्वजनिक भएसँगै उनले पार्टीलाई प्रदेशभर थप सुदृढ, संगठित र जनमुखी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । रास्वपाको कर्णाली प्रदेशस्तरीय नेतृत्व चयनका लागि आयोजित अधिवेशनमा सभापति र सदस्य पदमा निर्वाचन भएको थियो । अन्य पदाधिकारीहरूको चयन भने सकभर सहमतिको आधारमा गर्ने तयारी गरिएको जनाइएको छ । नवनिर्वाचित सभापति खड्काले पार्टीभित्रको एकता, संगठन विस्तार र जनताका मुद्दालाई प्राथमिकतामा राखेर अघि बढ्ने बताएका छन् । उनले कर्णालीका विकास, सुशासन र जनसरोकारका विषयलाई पार्टीको मुख्य एजेन्डा बनाइने उल्लेख गरे ।

प्रदेश सरकारको बजेट

कर्णालीका ७९ स्थानीय तहलाई ५ अर्ब ५४ करोड, अनुदानमा पनि झण्डै २१ प्रतिशत वृद्धि

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २ असार

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण उल्लेख्य रूपमा बढाएको छ । चालु आर्थिक वर्षको तुलनामा २०.८५ प्रतिशत अर्थात् ९५ करोड ७२ लाख रुपैयाँ थप गर्दै प्रदेश सरकारले ७९ वटै स्थानीय तहका लागि ५ अर्ब ५४ करोड ७२ लाख रुपैयाँ विनियोजन गरेको हो ।

आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले प्रदेश सभामा बजेट प्रस्तुत गर्दै स्थानीय सरकारलाई थप सशक्त बनाउने, प्रदेश र स्थानीय तहबीच सहकार्यको संस्कृति विकास गर्ने तथा सङ्घीयताको अभ्यासलाई व्यवहारमा उतार्ने उद्देश्यले अनुदान वृद्धि गरिएको बताए ।

प्रदेश सरकारले वित्तीय समानीकरण अनुदानलाई पाँच करोड रुपैयाँले बढाउँदै एक अर्ब रुपैयाँ पुऱ्याएको छ । चालु आर्थिक वर्षमा यो शीर्षकमा ९५ करोड रुपैयाँ विनियोजन गरिएको थियो । प्रदेश सरकार गठन भएयता पहिलो पटक समानीकरण अनुदान निरन्तर बढ्ने क्रम देखिएको छ । त्यसैगरी समपूरक अनुदानमा सबैभन्दा ठूलो वृद्धि गरिएको छ । चालु वर्ष ७६ करोड ४६ लाख रुपैयाँ रहेको समपूरक अनुदान आगामी वर्षका लागि १ अर्ब १८ करोड ५० लाख बाँकी पृष्ठ २



विशेष अनुदानमा पनि थपियो बजेट

विशेष अनुदान शीर्षकमा पनि प्रदेश सरकारले बजेट वृद्धि गरेको छ । चालु आर्थिक वर्षमा ३६ करोड रुपैयाँ रहेको यो अनुदान आगामी वर्ष ४७ करोड ५० लाख रुपैयाँ पुऱ्याइएको छ । विशेष अनुदान विशेष गरी विकासका दृष्टिले पछि परेका स्थानीय तह, विपन्न समुदाय तथा सामाजिक रूपमा वञ्चित वर्गको उत्थानका लागि उपयोग गरिने आर्थिक मामिला तथा योजनामन्त्रीको भनाइ छ । प्रदेशभित्र रहेका विकासका असन्तुलनलाई कम गर्न यो अनुदान प्रभावकारी हुने अपेक्षा गरिएको छ । स्थानीय तहको माग र आवश्यकता अनुसार रकम विनियोजन गरिएको भन्दै प्रदेश सरकारले यसबाट स्थानीय विकासले थप गति लिने विश्वास व्यक्त गरेको छ ।

सशर्त अनुदानमा भने भारी कटौती

अन्य शीर्षकमा वृद्धि भए पनि सशर्त अनुदानमा भने उल्लेख्य कटौती गरिएको छ । चालु आर्थिक वर्षमा २ अर्ब ५१ करोड रुपैयाँ रहेको सशर्त अनुदान आगामी वर्षका लागि घटाएर १ अर्ब ७३ करोड ६१ लाख रुपैयाँमा सीमित गरिएको छ । प्रदेश सरकारका अनुसार स्थानीय तहलाई आफ्ना आवश्यकता अनुसार योजना छनोट र कार्यान्वयन गर्ने अधिकार बढाउन सशर्त अनुदान घटाइएको हो । यसको सट्टा समानीकरण र समपूरक अनुदान बढाएर स्थानीय सरकारको वित्तीय स्वायत्ततालाई बलियो बनाउने प्रयास गरिएको छ यसले स्थानीय तहलाई केन्द्र वा प्रदेशले तोकेका कार्यक्रमभन्दा आफ्नै प्राथमिकताका आधारमा विकास योजना सञ्चालन गर्न सहज हुने अपेक्षा गरिएको छ ।

रोजगार कार्यक्रमलाई निरन्तरता

प्रदेश सरकारले स्थानीय तहमार्फत सञ्चालन हुने मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमलाई पनि निरन्तरता दिएको छ । कार्यक्रमका लागि अघिल्लो वर्षको तुलनामा बजेट वृद्धि गरिएको छ ।

स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने, बेरोजगार युवालाई आयआर्जनका अवसर उपलब्ध गराउने तथा गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने उद्देश्यसहित १ अर्ब १५ करोड ४० लाख रुपैयाँ स्थानीय तहमा हस्तान्तरण गर्ने व्यवस्था गरिएको छ ।

पहिले 'मुख्यमन्त्री रोजगार कार्यक्रम' का रूपमा सञ्चालन हुँदै आएको यो कार्यक्रम अहिले 'मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम' नामबाट सञ्चालन भइरहेको छ ।

संघीयताको अभ्यास बलियो बनाउने प्रयास

प्रदेश सरकारले विगतदेखि सङ्घीय सरकारबाट पर्याप्त स्रोत नपाएको गुनासो गर्दै आएको छ ।

कर्णालीको विकट भूगोल, कमजोर पूर्वाधार र विकासको आवश्यकता अनुसार केन्द्रबाट अपेक्षित बजेट प्राप्त नभएको प्रदेश सरकारको दाबी रहँदै आएको छ ।

तर आगामी वर्ष सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानमा वृद्धि भएपछि प्रदेश सरकारले पनि स्थानीय तहलाई उपलब्ध गराइने स्रोत बढाएको हो ।

स्थानीय तहमा वित्तीय हस्तान्तरण बढाउनु केवल बजेट वृद्धि मात्र नभई सङ्घीय शासन प्रणालीलाई प्रभावकारी बनाउने प्रयासका रूपमा हेरिएको छ ।

यद्यपि स्रोत वृद्धि मात्रै पर्याप्त नहुने र त्यसको प्रभावकारी कार्यान्वयन तथा पारदर्शिताले नै वास्तविक परिणाम दिने जानकारहरूको भनाइ छ ।

कर्णाली प्रदेश सरकारले स्थानीय तहलाई थप स्रोत उपलब्ध गराउने निर्णय गरेसँगै आगामी वर्ष स्थानीयस्तरका विकास आयोजनाले गति लिने अपेक्षा गरिएको छ ।

कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

विदेशमा छोरालाई मृत्युदण्ड

बुवाले थाले गाउँमा छोरा बचाउने अभियान

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २ असार

वैदेशिक रोजगारीको सपना बोकेर दुबई पुगेका एक युवाको हत्या प्रकरणमा मृत्युदण्डको सजाय सुनाइएपछि उनका परिवार यतिबेला गहिरो पीडा र आर्थिक संकटसँग जुधिरहेको छ । एकातिर छोराको जीवन जोगाउने आशा,अर्कोतिर आवश्यकपर्ने ठूलो आर्थिक व्यवस्थापनको चुनौतीले परिवारलाई दिनरात पिरोलिरहेको छ ।

सुर्खेतको सिम्ता गाउँपालिकाका पृथ्वीचन्द्र ढुंगेल दुबईस्थित जेलमा छन् । उनीमाथि सँगै काम गर्ने सहकर्मीको हत्या



गरेको आरोपमा त्यहाँको अदालतले मृत्युदण्डको फैसला सुनाएको छ । उक्त फैसलापछि परिवारमाथि एकाएक ठूलो संकट आइलागेको छ । अहिले परिवारको एकमात्र उद्देश्य छोराको ज्यान जोगाउनु रहेको छ ।

परिवारका अनुसार पृथ्वीचन्द्र केही वर्षअघि रोजगारीका लागि संयुक्त अरब इमिरेट्स (यूएई) गएका थिए । आर्थिक अवस्था कमजोर भएकाले घरपरिवारको अवस्था सुधार्ने उद्देश्यले विदेश पुगेका उनी एक आपराधिक घटनामा मुछिएपछि जेल जीवन बिताउन बाध्य भएका हुन् । अदालतको अन्तिम फैसलापछि परिवार थप चिन्तित बनेको छ ।

छोरालाई बचाउन उनका बुवा टेकचन्द्र ढुंगेल यतिबेला गाउँदेखि सहरसम्म सहयोगको याचना गर्दै हिँडिरहेका छन् । उनी विभिन्न संघसंस्था, स्थानीय तह, राजनीतिक दल, सामाजिक अभियन्ता तथा सर्वसाधारणसँग आर्थिक सहयोगको अपिल गरिरहेका छन् । हातमा छोराको तस्बिर बोकेर सहयोग माग्दै हिँड्नुपरेको अवस्थाले उनलाई भावुक बनाएको छ ।

बाबु विदेश जाँदा घरको अवस्था सुधिन्छ भन्ने आशा थियो, बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

बुधवार, ३ असार, २०८३
Wednesday, 17 June 2026

सम्पादकीय

बजेट बढ्यो, चुनौती उस्तै

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि ३५ अर्ब ३९ करोड रूपैयाँभन्दा बढीको बजेट सार्वजनिक गरेको छ । अघिल्लो वर्षको तुलनामा बजेटको आकार करिब ७.२८ प्रतिशतले वृद्धि भएको छ । बजेटले पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र स्थानीय तह सुदृढीकरणलाई प्राथमिकतामा राखेको दाबी गरेको छ। तर, बजेटको आकार बढ्नु मात्र विकासको सुनिश्चितता होइन । यसको प्रभावकारिता कार्यान्वयन क्षमताले निर्धारण गर्नेछ । यसपटकको बजेट हेर्दा नयाँ र महत्वाकांक्षी कार्यक्रमभन्दा विगतदेखि सञ्चालनमा रहेका योजना र अधुरा आयोजनालाई निरन्तरता दिने रणनीति स्पष्ट देखिन्छ । सडक, खानेपानी, ऊर्जा, स्वास्थ्य संस्था र पर्यटन पूर्वाधारका धेरैजसो कार्यक्रम अघिल्ला वर्षकै पुनरावृत्ति हुन् । बजेट विनियोजन हुने तर खर्च नहुने, योजना घोषणा हुने तर पूरा नहुने प्रवृत्तिले प्रदेश सरकारको विश्वसनीयतामाथि प्रश्न उठाउँदै आएको छ । प्रदेश सरकारले यस वर्ष 'शून्य बेरूजु' को लक्ष्य घोषणा गरेको छ । तर चार अर्ब ७० करोड रूपैयाँभन्दा बढी बेरूजु रहेको अवस्थामा यो लक्ष्य निकै चुनौतीपूर्ण देखिन्छ । त्यसैले यस वर्ष सरकारले घोषणाभन्दा बढी कार्यान्वयनमा आफ्नो क्षमता प्रमाणित गर्नुपर्ने आवश्यकता छ ।

कृषि क्षेत्रलाई बजेटले विशेष प्राथमिकता दिएको देखिन्छ । वर्षौंदेखि दोहोरिँदै आएका योजनाले अपेक्षित परिणाम किन दिन सकेनन् भन्ने समीक्षा बिना पुनः बजेट थप्नु मात्र पर्याप्त हुँदैन । किसानको उत्पादन, बजार पहुँच र आयस्तरमा वास्तविक सुधार देखिने गरी कार्यक्रम सञ्चालन हुनु आवश्यक छ । विशेष गरी कर्णालीले लामो समयदेखि उठाउँदै आएको 'अर्गानिक प्रदेश' को अवधारणा यसपटकको बजेटमा लगभग हराएको छ । यसको सट्टा आधुनिकीकरण र व्यावसायिक कृषि विकासका कार्यक्रमलाई जोड दिइएको छ । यो परिवर्तनले प्रदेश सरकारको कृषि नीतिमा नयाँ दिशा खोजिएको संकेत गरे पनि अर्गानिक उत्पादनलाई कर्णालीको विशिष्ट पहिचानका रूपमा विकास गर्ने अवसर कमजोर बन्न सक्ने चिन्ता पनि उत्तिकै छ ।

पर्यटन क्षेत्रमा पनि सुर्खेत विमानस्थल विस्तार र कर्णालीका जिल्लामा नियमित हवाई सेवा सञ्चालनको प्रतिबद्धता दोहोरिएको छ । तर यस्ता योजना विगतमा पनि बजेटमा समावेश भएका थिए । कार्यान्वयनको गति सुस्त हुँदा नागरिकले अपेक्षित लाभ पाउन सकेका छैनन् । त्यसैले अब घोषणा होइन, नतिजा देखिने गरी काम गर्नुपर्ने आवश्यकता छ । कर्णालीको मुख्य चुनौती बजेटको अभाव होइन, खर्च गर्ने क्षमता र परिणाममुखी कार्यान्वयन हो। बजेटको आकार बढ्दै जानु राम्रो संकेत हुन सक्छ, तर त्यसले जनजीवनमा सकारात्मक परिवर्तन ल्याउन सकेन भने त्यो केवल अंकको वृद्धि मात्र हुनेछ । प्रदेश सरकारले यसपटकको बजेटलाई विकासको वास्तविक उपलब्धिमा रूपान्तरण गर्न सक्यो भने मात्र नागरिकको विश्वास बलियो बन्नेछ । अन्यथा पुरानै प्रतिबद्धता, अधुरा आयोजना र अपूरा आश्वासनको चक्र फेरि दोहोरिनेछ ।

माओवादीको उदय र अवसानबाट रास्वपाले सिक्नुपर्ने पाठ



✍ महेश्वर ढकाल

नेपालको लोकतान्त्रिक आन्दोलनपछिको राजनीतिक इतिहासमा दुईवटा घटनाले विशेष ध्यान आकर्षित गर्छन्। पहिलो, ०६४ सालको संविधानसभा निर्वाचनमा तत्कालीन नेकपा (माओवादी) को अभूतपूर्व उदय, र दोस्रो, पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीको तीव्र लोकप्रियता।

यी दुवै घटनाको आधार परम्परागत राजनीतिक शक्तिप्रतिको जनअसन्तुष्टि र परिवर्तनको आकाङ्क्षा नै हो । जनताले जब पुराना राजनीतिक शक्तिप्रति निराशा व्यक्त गर्छन्, तब उनीहरू नयाँ शक्तितर्फ आकर्षित हुन्छन् । तर इतिहासले देखाएको छ कि जनताले दिएको अवसरलाई सही ढङ्गले व्यवस्थापन गर्न नसक्ने र समयक्रममा पुरानै राजनीतिक रोगबाट सङ्क्रमित हुँदै जाने शक्ति जति छिटो उदाउँछ, त्यति नै छिटो ओझेलमा पनि पर्न सक्छ । यसले केवल कुनै एउटा दलको भविष्यलाई मात्र प्रभावित गर्दैन, लोकतान्त्रिक व्यवस्थाप्रतिको जनविश्वासलाई समेत कमजोर बनाउँछ। आज यस्तै चिन्ता राष्ट्रिय स्वतन्त्र पार्टीका सन्दर्भमा पनि उठ्न थालेको छ। पछिल्ला घटनाक्रम, नेतृत्वसँग जोडिएका विवाद, आन्तरिक व्यवस्थापनका प्रश्न, सङ्गठनात्मक कमजोरी र राजनीतिक निर्णयहरूमाथि उठेका प्रश्नहरूले धेरै नागरिकलाई एक पटक फेरि सोच्न बाध्य बनाएका छन्, के यो पार्टी पनि एक समय परिवर्तनको प्रतीक बनेको नेकपा (माओवादी) कै बाटोमा हिँड्दै छ ?

नेकपा (माओवादी) को उदयलाई सही रूपमा बुझ्ने हो भने ०४६ सालपछिको बहुदलीय व्यवस्थाका विफलताहरू बुझ्नु आवश्यक छ । नेपाली काङ्ग्रेस र एमालेले सत्ताको भागबन्डामा व्यस्त रहँदा, भ्रष्टाचार संस्थागत हुँदै जाँदा, ग्रामीण नेपालको गरिबी र असमानता बढ्दै जाँदा माओवादीले त्यो असन्तुष्टिलाई सङ्गठित रूप दियो । सशस्त्र द्वन्द्वको समाप्तिपछि जब माओवादी मुख्यधाराको राजनीतिमा आयो, लाखौँ मतदाताले त्यसमा आफ्नो आकाङ्क्षाको प्रतिनिधित्व देखे । ०६४ सालको संविधानसभा निर्वाचनपछि माओवादी नेपालको सबैभन्दा ठुलो राजनीतिक शक्ति बनेर उदायो । त्यो सफलता केवल एउटा पार्टीको जित थिएन, त्यो पुरानो राजनीतिक व्यवस्थाप्रतिको जनताको असन्तुष्टिको विस्फोट थियो ।

लाखौँ नागरिकले माओवादीमा नयाँ नेपालको सपना देखेका थिए । उनीहरूले विश्वास गरेका थिए कि यो शक्ति पुराना राजनीतिक विकृतिहरूबाट मुक्त हुनेछ, सुशासन दिनेछ, सामाजिक न्याय स्थापना गर्नेछ र राज्यलाई नयाँ दिशामा लैजानेछ । तर बिस्तारै परिस्थिति बदलियो । रास्वपाको उदयको पृष्ठभूमि पनि माओवादीको विफलतापछि तयार भएको देखिन्छ । ०७४ को निर्वाचनपछि नेकपाको एकीकरण भएको थियो र धेरैले सोचेका थिए कि अब देशमा स्थिर सरकारले काम गर्नेछ । जनताले अपेक्षा गरेको राजनीतिक संस्कार विकास हुन सकेन । राष्ट्रिय रूपान्तरणका एजेन्डाहरूभन्दा सत्ता, पद, गठबन्धन र नेतृत्व व्यवस्थापन प्रमुख विषय बन्न थाले । आन्दोलनको ऊर्जालाई संस्थागत सुधारमा रूपान्तरण गर्न नसक्दा जनविश्वास क्रमशः कमजोर हुँदै गयो । परिणामस्वरूप, एक समय देशको सबैभन्दा ठुलो शक्ति बनेको दल आज सीमित प्रभाव भएको शक्तिमा खुम्चिएको छ । माओवादीको पतन केवल एउटा दलको पतन थिएन, त्यो जनअपेक्षाको पतन पनि थियो ।

रास्वपाको उदयको पृष्ठभूमि पनि माओवादीको विफलतापछि तयार भएको देखिन्छ । ०७४ को निर्वाचनपछि नेकपाको एकीकरण भएको थियो र धेरैले सोचेका थिए कि अब देशमा स्थिर सरकारले काम गर्नेछ । तर नेकपाको विभाजन, ओली र प्रचण्डबीचको सत्ताको खिचातानी र त्यसपछिका अनिश्चित सरकारहरूले जनतालाई फेरि ठगिएको अनुभूति दिलायो । यही निराशामा रास्वपा उदाएको हो । रवि लामिछानेको नेतृत्वमा रास्वपाले आफूलाई 'पुराना दलहरूको विकल्प' भनेर पस्किंयो । यसले भ्रष्टाचारविरुद्धको आवाज, सुशासनको प्रतिबद्धता, नयाँ राजनीतिक संस्कृतिको वाचा र नागरिककेन्द्रित शासनको अवधारणा प्रस्तुत गऱ्यो । विशेषतः युवापुस्ता, शिक्षित मध्यम वर्ग, विदेशबाट फर्किएका नेपाली र परम्परागत दलहरूप्रति निराश मतदाताले यसलाई आशाको केन्द्रका रूपमा ग्रहण गरे । यस पार्टीको उदयले नेपाली लोकतन्त्रमा एउटा सकारात्मक सन्देश दिएको थियो, जनताले अझै पनि परिवर्तनमा विश्वास गरेका छन्। उनीहरू लोकतान्त्रिक प्रक्रियामार्फत नयाँ विकल्प खोज्न तयार छन् । यो लोकतन्त्रको स्वास्थ्यका लागि राम्रो सङ्केत थियो ।

तर पछिल्ला केही घटनाहरूले भने प्रश्नहरू जन्माउन थालेका छन्। पार्टीभित्र निर्णय प्रक्रियाको पारदर्शिता, नेतृत्वको उत्तरदायित्व, सङ्गठनात्मक परिपक्वता र राजनीतिक रणनीतिका विषयमा बहस हुन थालेको छ।

समाज विज्ञानको क्षेत्रमा काम गर्ने राजनीतिक दलहरूले गल्ती गर्नु अस्वाभाविक होइन । कुनै पनि नयाँ दलले सिक्ने क्रममा चुनौती भोग्छ नै । तर समस्या त्यति बेला सुरु हुन्छ, जब दलले आत्मसमीक्षा गर्ने क्षमता गुमाउँछ, आलोचनालाई शत्रुता ठान्न थाल्छ, संस्थाभन्दा व्यक्तिलाई केन्द्रमा राख्छ र जनताको अपेक्षाभन्दा आफ्नै राजनीतिक अस्तित्वलाई प्राथमिकता दिन थाल्छ । यिनै कारणहरू विगतमा माओवादी आन्दोलनको स्खलनका कारक थिए । त्यसैले आज उठिरहेका प्रश्नहरूलाई सामान्य रूपमा लिन सकिँदैन । जब लोकतान्त्रिक प्रणालीभित्रको वैकल्पिक शक्तिप्रतिको विश्वास कमजोर हुन्छ, तब लोकतान्त्रिक व्यवस्थाप्रतिको विश्वास पनि कमजोर हुन थाल्छ । यो प्रश्न रास्वपाको मात्र होइन, समग्र लोकतान्त्रिक व्यवस्थालाई नेतृत्व गर्ने राजनीतिक दलहरूको चरित्रको वा भन्नुस् वैचारिकीको प्रश्न हो । नेपालमा धेरै नागरिकले दशकौँदेखि एउटै राजनीतिक चक्र देखिरहेका छन् । नयाँ शक्ति आउँछ, आशा जगाउँछ, लोकप्रिय बन्छ र केही समयपछि पुरानै चरित्रलाई अङ्गाल्न पुग्छ। यदि यो चक्र फेरि दोहोरियो भने त्यसको असर कुनै एक दलमा सीमित रहने छैन । जनताले सोध्न थाल्नेछन्, 'नयाँ शक्ति पनि पुरानैजस्तो हुने हो भने विकल्प कहाँ छ ?' जब लोकतान्त्रिक प्रणालीभित्रको वैकल्पिक शक्तिप्रतिको विश्वास कमजोर हुन्छ, तब लोकतान्त्रिक व्यवस्थाप्रतिको विश्वास पनि कमजोर हुन थाल्छ । नागरिकहरू मतदानप्रति उदासीन बन्न सक्छन् । राजनीतिक सहभागिता घट्न सक्छ। निराशा, वितृष्णा र व्यवस्था-विरोधी भावनाहरू बढ्न सक्छन्।

विश्वका धेरै देशहरूको अनुभवले देखाएको छ कि लोकतान्त्रिक संस्थाहरूप्रतिको विश्वास कमजोर हुँदा अतिवादी सोच, व्यक्तिवादी नेतृत्व र असंवैधानिक विकल्पहरू बलियो बन्ने जोखिम बढ्छ । नेपालजस्तो लोकतान्त्रिक अभ्यास अझै संस्थागत हुँदै गरेको देशका लागि यो अत्यन्त गम्भीर विषय हो।

रास्वपा आज केवल एउटा राजनीतिक दल मात्र होइन । यसले लाखौँ नागरिकको आशा बोकेको छ। त्यसैले यसको जिम्मेवारी सामान्य दलको भन्दा ठुलो छ। यदि यसले पारदर्शिता, आन्तरिक लोकतन्त्र, विधि र संस्थागत संस्कृतिलाई मजबुत बनाउन सक्यो भने यसले नेपालको राजनीतिमा नयाँ मानक स्थापित गर्न सक्छ। तर यदि यो पनि व्यक्तिकेन्द्रित, प्रतिक्रियात्मक र अवसरवादी राजनीतितर्फ उन्मुख भयो भने यसले केवल आफ्नो भविष्य मात्र होइन, वैकल्पिक राजनीतिप्रतिको जनविश्वासलाई समेत क्षति पुऱ्याउन सक्छ । राजनीतिक इतिहासमा सबैभन्दा कठिन काम सत्ता प्राप्त गर्नु होइन, प्राप्त विश्वासलाई जोगाउनु हो । जनताले एक पटक धोका खाए पनि दोस्रो पटक क्षमा गर्न सक्छन्, तर बारम्बार निराश भएपछि उनीहरूको विश्वास पद्धति नै भत्कन पुग्छ । नेपालको लोकतान्त्रिक यात्राले अहिले एउटा संवेदनशील मोड पार गरिरहेको छ । परम्परागत दलहरूप्रतिको तीव्र असन्तुष्टिले उनीहरूलाई बढारेर किनारा त लगाइदियो, तर अर्कातिर नयाँ वैकल्पिक शक्तिहरूप्रतिको सुरुवाती उत्साह प्रश्नको घेराबाट मुक्त छैन।

प्रमुख प्रशासकीय अधिकृतलाई नयाँ आचारसंहिता

काँक्रेविहार संवाददाता

काठमाडौं, २ असार

सरकारले स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूका लागि छुट्टै आचारसंहिता जारी गरेको छ। प्रमुख प्रशासकीय अधिकृतको कार्यशैलीलाई थप निष्पक्ष, तटस्थ, अनुशासित, मर्यादित तथा जिम्मेवार बनाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आचारसंहिता लागू गरेको हो । मन्त्रालयले आचारसंहिता कार्यान्वयनका लागि देशभरका सबै स्थानीय तहलाई परिपत्रसमेत गरेको जनाएको छ। आचारसंहितामा प्रमुख प्रशासकीय अधिकृतले आफ्नो जिम्मेवारीप्रति उत्तरदायी, लगनशील र सेवामुखी हुनुपर्ने व्यवस्था गरिएको छ। साथै जनप्रतिनिधि, सेवाग्राही तथा सरोकारवालासँग इमानदार, सहयोगी र व्यावसायिक व्यवहार गर्नुपर्ने उल्लेख छ।

मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीका अनुसार प्रमुख प्रशासकीय अधिकृतले कार्यालय, होटल, रेस्टुरेन्ट वा सार्वजनिक स्थलमा अस्वाभाविक तथा भड्किलो व्यवहार प्रदर्शन गर्न नहुने व्यवस्था गरिएको छ। कार्यसम्पादनका क्रममा देखिएका समस्या समाधान हुन नसके सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्षलाई समयमै जानकारी गराउनुपर्ने पनि आचारसंहितामा उल्लेख छ। त्यसैगरी कार्यालय समयबाहेक पनि कानुनबमोजिम मन्त्रालयका सचिव वा स्थानीय तहका प्रमुखबाट निर्देशन प्राप्त भएमा आवश्यक प्रक्रिया पूरा गरी प्राथमिकताका साथ काम सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ। आचारसंहिताले योजनाको अनुगमन तथा भ्रमणमा जाँदा स्थानीय तहका प्रमुखलाई जानकारी गराउनुपर्ने र भ्रमण सम्पन्न भएपछि लिखित प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यालय समयमा तोकिएको पोसाक र परिचयपत्र अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने तथा कुनै पनि प्रकारको भनसुन वा दबाबबाट प्रभावित हुन नहुने उल्लेख गरिएको छ।

स्थानीय तहको कामसँग सम्बन्धित व्यक्ति, संस्था वा व्यवसायीबाट व्यक्तिगत लाभ लिन नहुने, स्वीकृतिबिना कुनै उपहार वा आतिथ्यता स्वीकार गर्न नपाइने र गैरकानुनी फाइदा पुग्ने कार्यमा संलग्न हुन नहुने व्यवस्था पनि आचारसंहितामा समेटिएको छ। मन्त्रालयका अनुसार स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको भूमिका महत्वपूर्ण हुने भएकाले उनीहरूको आचरणले समग्र कर्मचारीतन्त्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षासहित आचारसंहिता लागू गरिएको हो ।

कर्णालीका...

रुपैयाँ पुऱ्याइएको छ। यस शीर्षकमा मात्रै ४२ करोड ४ लाख रुपैयाँ थपिएको छ।

समपूरक अनुदान प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सञ्चालन हुने विकास आयोजनामा खर्च गरिनेछ।

सडक, खानेपानी, शिक्षा, स्वास्थ्य तथा अन्य पूर्वाधार निर्माणका योजनामा यो रकम उपयोग हुने अपेक्षा गरिएको छ।

आर्थिक मामिला तथा योजनामन्त्री शाहका अनुसार स्थानीय तहले प्रदेश सरकारलाई आफ्नो साझेदारका रूपमा महसुस गरून् भन्ने उद्देश्यले पनि अनुदान रकम बढाइएको हो।

बुवाले...

तर अहिले उसको ज्यान जोगाउनकै लागि सबैसँग हात फैलाउनुपरेको छ, उनी भक्कानिँदै भन्छन्, बाँचुन्जेलसम्म छोरालाई बचाउने प्रयास छोड्दिनँ।

आफन्तहरुका अनुसार मृतक पक्षसँग सहमतिमा पुग्न र कानुनी प्रक्रियाअनुसार क्षतिपूर्ति रकम जुटाउन ठूलो धनराशि आवश्यक पर्ने अवस्था छ। यही कारण अहिले विभिन्न तहमा आर्थिक सहयोग संकलन अभियान सञ्चालन गरिएको छ। स्थानीयवासी, सामाजिक अभियन्ता र शुभेच्छुकहरूले पनि सहयोग अभियानमा साथ दिन थालेका छन्। सामाजिक सञ्जालमार्फत समेत सहयोगको अपिल भइरहेको छ। तर आवश्यक रकम निकै ठूलो भएकाले लक्ष्यअनुसार रकम संकलन हुन चुनौतीपूर्ण देखिएको छ। मानव अधिकारकर्मीहरूका अनुसार वैदेशिक रोजगारीका क्रममा विभिन्न कानुनी जटिलतामा परेका नेपालीहरूको संख्या कम छैन। भाषा, कानुन र स्थानीय परिवेशबारे पर्याप्त जानकारी नहुँदा कतिपय नेपाली गम्भीर समस्यामा पर्ने गरेका छन्। यस्ता घटनामा सरकारले पनि आवश्यक कूटनीतिक तथा कानुनी पहललाई प्रभावकारी बनाउनुपर्ने उनीहरूको भनाइ छ।पृथ्वीचन्द्रको परिवार अहिले आशा र निराशाको दोसाँधमा उभिएको छ। एकातिर अदालतको फैसला छ भने अर्कोतिर सहयोग जुटाएर छोराको जीवन बचाउन सकिने विश्वास पनि बाँकी छ। यही विश्वासका आधारमा परिवारले सहयोग अभियानलाई तीव्र बनाएको छ।स्थानीय स्तरमा पनि परिवारलाई सहयोग गर्नुपर्ने आवाज उठ्न थालेको छ।

विभिन्न सामाजिक संघसंस्था र सरोकारवालाहरूले मानवीय दृष्टिकोणबाट सहयोगका लागि पहल गर्न आग्रह गरेका छन्। विदेशमा भएको घटनाले एउटा परिवार मात्रै होइन, सिंगो गाउँलाई समेत भावुक बनाएको छ। घरको आर्थिक अवस्था सुधार्ने सपना बोकेर विदेशिएका युवक मृत्युदण्डको सजायमा पुगेपछि परिवारको भविष्य नै अन्योलमा परेको छ।

कर्णालीको बजेटमा फोक्सुण्डो ओझेल



काँक्रेविहार संवाददाता
डोल्पा, २ असार

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि पर्यटन क्षेत्रको संरक्षण, विकास तथा प्रवर्द्धनमा २१ करोड ३५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। तर प्रदेशकै प्रमुख तथा अन्तर्राष्ट्रिय रूपमा परिचित पर्यटकीय गन्तव्य शे-फोक्सुण्डो ताल भने बजेट वक्तव्यमा समेटिन नसकेको छ। आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले प्रदेश सभामा बजेट प्रस्तुत गर्दै मुगुको रारा ताल, रुकुम पश्चिमको स्यार्पू ताल, सुर्खेतका काँक्रेविहार, बुलबुले उद्यान, चौहान पार्क तथा सल्यानको कुपिण्डे दहको संरक्षण र विकासका लागि बजेट छुट्याइएको जानकारी दिए । पर्यटन क्षेत्रको पूर्वाधार विकास, संरक्षण र प्रवर्द्धनमार्फत कर्णालीमा पर्यटन गतिविधि विस्तार गर्ने लक्ष्य बजेटले लिएको छ। तर विश्वप्रसिद्ध शे-फोक्सुण्डो तालको नाम पर्यटन सम्बन्धी बजेट कार्यक्रममै उल्लेख नगरिएपछि डोल्पामा चासो र असन्तुष्टि बढेको छ।

शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जभित्र रहेको यो ताल नेपालको सबैभन्दा गहिरो तालका रूपमा परिचित छ । यसको प्राकृतिक सौन्दर्य, स्वच्छ निलो पानी र अन्तर्राष्ट्रिय पहिचानका कारण हरेक वर्ष ठूलो सङ्ख्यामा स्वदेशी तथा विदेशी पर्यटक यहाँ पुग्ने गर्छन् ।

समुद्री सतहबाट तिन हजार नौ सय ९० मिटर उचाइमा अवस्थित फोक्सुण्डो ताल करिब छ सय ५० मिटर गहिरो रहेको मानिन्छ। ४.८ किलोमिटर लम्बाइ र १.८ किलोमिटर चौडाइमा फैलिएको यो ताल नेपालको प्रमुख पर्यटकीय सम्पदामध्ये एक हो ।

स्थानीयवासी तथा पर्यटन व्यवसायीहरूले कर्णालीको पर्यटन विकासको चर्चा गर्दा फोक्सुण्डोलाई प्राथमिकतामा राखिनुपर्ने धारणा व्यक्त गरेका छन् । पर्यटन व्यवसायी नोर्बु लामाका अनुसार डोल्पा मात्र नभई समग्र कर्णाली र नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने फोक्सुण्डोलाई बजेटमा बेवास्ता गर्नु दुःखद पक्ष हो ।

कर्णाली प्रदेश सरकारले 'कर्णाली पर्यटन दशक' घोषणा गर्दै पर्यटनलाई आर्थिक समृद्धिको आधार बनाउने लक्ष्य अघि सारेको भए पनि विश्वप्रसिद्ध फोक्सुण्डो तालका लागि कुनै विशेष कार्यक्रम वा बजेट व्यवस्था नगरिनुलाई धेरैले विरोधाभासपूर्ण रूपमा हेरेका छन् ।

स्थानीय सरोकारवालाले फोक्सुण्डो क्षेत्रको पूर्वाधार विकास, पहुँच विस्तार, पर्यटकमैत्री सेवा तथा अन्तर्राष्ट्रिय प्रचारप्रसारका लागि विशेष योजना र पर्याप्त बजेट आवश्यक रहेको बताएका छन् । उनीहरूले आगामी दिनमा प्रदेश सरकारले फोक्सुण्डोको महत्वलाई ध्यानमा राख्दै प्राथमिकतासाथ कार्यक्रम ल्याउनुपर्ने माग गरेका छन् ।

कर्णालीमा बालविवाह अन्त्य कार्यशाला



काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, २ असार

कर्णाली प्रदेशमा बालविवाहको विद्यमान अवस्थालाई अन्त्य गर्न तथा हालै स्वीकृत बालविवाह अन्त्य सम्बन्धी रणनीति, २०८२ लाई प्रभावकारी रूपमा कार्यान्वयनमा लैजान प्रदेशस्तरीय कार्यशाला गोष्ठी सम्पन्न भएको छ।

कार्यक्रममा प्रदेश सरकार, प्रदेश सभा, योजना आयोग, नागरिक समाज तथा विकास साझेदार संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यशालालाई सम्बोधन गर्दै कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारी ले बालविवाह सामाजिक कलंक मात्र नभई समग्र विकासको प्रमुख बाधक रहेको बताए ।

उनले बालविवाह अन्त्यका लागि प्रदेश सरकारले स्पष्ट प्रतिबद्धता व्यक्त गरिसकेको उल्लेख गर्दै रणनीतिको सफल कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहका सरकार, नागरिक समाज, सञ्चार क्षेत्र तथा अन्य सरोकारवालाहरूबीच बलियो सहकार्य आवश्यक रहेको बताए ।

राज्यका सबै संयन्त्रलाई अभियानमा सक्रिय रूपमा जोडिन समेत उनले आग्रह गरे ।

कार्यक्रममा प्रदेश योजना आयोगका सदस्य अशोक नाथ योगी लगायत विभिन्न निकायका प्रतिनिधिहरूले पनि आफ्नो धारणा राख्नुभएको थियो ।

आयोगका तर्फबाट रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि योजनाबद्ध ढंगले अगाडि बढ्ने, आवश्यक स्रोत व्यवस्थापन गर्ने तथा सम्बन्धित निकायहरूबीच समन्वय सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

गोष्ठीमा सहभागी प्रदेश सभा सदस्यहरू, सरकारी अधिकारीहरू, स्थानीय तहका प्रतिनिधिहरू तथा सामाजिक क्षेत्रसँग आबद्ध व्यक्तिहरूले बालविवाह अन्त्य सम्बन्धी रणनीति कागजमा मात्र सीमित नरही समुदायस्तरमा पुग्नुपर्नेमा जोड दिएका थिए ।

उनीहरूले रणनीतिका लक्ष्य र कार्यक्रमहरू स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन भएमा बालविवाह न्यूनीकरणमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिने धारणा व्यक्त गरेका थिए ।

कार्यशालाको आयोजना CCR Karnali ले गरेको थियो भने Plan International Nepal लगायत विभिन्न साझेदार संस्थाहरूले प्राविधिक तथा व्यवस्थापकीय सहयोग प्रदान गरेका थिए ।

कार्यक्रमले बालविवाह अन्त्यका लागि बहुपक्षीय सहकार्य, साझा प्रतिबद्धता र रणनीतिक कार्ययोजनाको आवश्यकतालाई थप स्पष्ट बनाएको सहभागीहरूले बताएका छन् ।

तातोपानीले माग्यो बजेटमा नागरिकको सुझाव

काँक्रेविहार संवाददाता
जुम्ला, २ असार

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नीति, कार्यक्रम तथा बजेट निर्माणको तयारीमा जुम्लाका आठवटै स्थानीय तह जुटेका छन् ।

संघीय र प्रदेश सरकारले बजेट सार्वजनिक गरेसँगै स्थानीय तहहरू पनि बजेट तर्जुमा प्रक्रियामा सक्रिय बनेका हुन् ।

संघीय सरकारबाट जुम्लाका आठ पालिकाले कुल दुई अर्ब ४१ करोड रुपैयाँ अनुदान प्राप्त गरेका छन् । प्रदेश सरकारले बजेट सार्वजनिक गरिसके पनि स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको विवरण भने अझै सार्वजनिक भएको छैन ।

स्थानीय सरकार सञ्चालन ऐनअनुसार असार १० गतेभित्र नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेकाले पालिकाहरू स्थानीय आवश्यकता र जनअपेक्षालाई समेट्ने तयारीमा छन् । यस क्रममा केही स्थानीय तहले नागरिकका सुझाव संकलन



गर्न थालेका छन् ।

जिल्लाका आठ पालिकामध्ये तातोपानी गाउँपालिकाले आगामी बजेट तथा नीति कार्यक्रमलाई थप जनमुखी बनाउन नागरिकबाट सुझाव माग्दै सार्वजनिक सूचना जारी गरेको छ । गाउँपालिकाले युवा, महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, नागरिक समाज तथा राजनीतिक दलका प्रतिनिधिहरूलाई आफ्ना राय, सुझाव र योजना प्रस्ताव पेश गर्न आग्रह गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतका अनुसार जनताको सुझावका आधारमा आवश्यकता र प्राथमिकता निर्धारण गरी बजेट निर्माण गर्ने उद्देश्यले सुझाव संकलन थालिएको हो । उनले प्रविधिको पहुँच विस्तार भएसँगै नागरिकले इमेल वा प्रत्यक्ष उपस्थित भएर आफ्ना योजना तथा सुझाव पेश गर्न सक्ने बताए ।

गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले सीमित स्रोतसाधन र बढ्दो आवश्यकताबीच जनताको भावना समेटेर प्रभावकारी बजेट निर्माण गर्ने प्रयास भइरहेको जानकारी दिए । उनका अनुसार प्राप्त सुझावलाई अध्ययन गरी स्रोतको उपलब्धता, आवश्यकता र प्राथमिकताका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

संघीयता कार्यान्वयनपछि स्थानीय तहले सात चरण पूरा गरेर नीति तथा बजेट निर्माण गर्नुपर्ने व्यवस्था भए पनि धेरै स्थानीय तहमा यो प्रक्रिया पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको सरोकारवालाहरूको भनाइ छ ।

बस्तीस्तरबाट आवश्यकता पहिचान गर्दै वडा हुँदै पालिकासम्म सुझाव संकलन गर्ने अभ्यासले बजेटलाई थप व्यवहारिक र जनउत्तरदायी बनाउने अपेक्षा गरिएको छ । तातोपानी गाउँपालिकाले आगामी असार पाँच गतेसम्म नागरिकबाट सुझाव संकलन गर्ने जनाएको छ । स्थानीय सरकार र नागरिकबीचको सहभागितामूलक सम्बन्ध सुदृढ गर्दै जनमुखी बजेट निर्माण गर्ने उद्देश्यले यस्तो पहल गरिएको गाउँपालिकाको भनाइ छ ।

वर्षाले सडक आयोजनामा ठूलो क्षति

काँक्रेविहार संवाददाता
कालीकोट, २ असार

अविरल वर्षासँगै आएको बाढी र पहिरोका कारण कालीकोटको नरहरिनाथ गाउँपालिकामा निर्माणाधीन सडक आयोजनामा ठूलो क्षति पुगेको छ ।

स्थानीय पूर्वाधार विकास कार्यालय सुर्खेतमार्फत सञ्चालन भइरहेको सिमखेती-लमारिता-धन्नुकोट हुँदै वडा कार्यालयसम्मको सडक स्तरोन्नति आयोजनामा वर्षाले निर्माण सामग्री तथा उपकरण बगाउँदा करिब ५० लाख रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

वडा अध्यक्ष पौरामे विश्वकर्माका अनुसार डीबीसी कन्स्ट्रक्सन प्रालि, नेपालगञ्जले आर्थिक वर्ष २०८२/८३ मा ठेक्का सम्झौता गरी निर्माण कार्य अघि बढाइरहेको अवस्थामा अविरल वर्षाले आयोजनास्थलमा क्षति पुऱ्याएको हो ।

बाढी तथा पहिरोका कारण ३२० बोरा सिमेन्ट, ४० थान वाटरप्रुफ प्लाई, तीन ड्रम डिजेलसहित विभिन्न निर्माण सामग्री नष्ट भएका छन् । साथै सडक सुरक्षाका लागि जडान गरिएका जाली तथा निर्माणका



लागि तयारी अवस्थामा रहेका संरचनासमेत बगाएको जनाइएको छ ।

आयोजनाका प्रतिनिधि हंशबहादुर शाहीका अनुसार क्षतिको विस्तृत विवरण संकलन तथा मूल्याङ्कन कार्य जारी छ ।

सम्बन्धित निकायले घटनास्थलको निरीक्षण गरी वास्तविक क्षतिको यकिन विवरण तयार गरिरहेको जनाएको छ ।

अविरल वर्षाका कारण निर्माण कार्यसमेत प्रभावित भएको छ । स्थानीयवासीले वर्षायाममा सडक आयोजनाको सुरक्षाका लागि थप सावधानी अपनाउन र क्षति न्यूनीकरणका उपाय प्रभावकारी बनाउन सम्बन्धित निकायसँग माग गरेका छन् ।

डिजिटल युगको विश्वसनीय आवाज
www .kankrebihar .com

काँक्रेविहार राष्ट्रिय दैनिक

बुधवार, ३ असार, २०८३
Wednesday, 17 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

कर्णालीको बजेटमा आशा र असन्तुष्टि



प्रस्तुत बजेटमध्ये चालुतर्फ आठ अर्ब ६० करोड ४५ लाख ५६ हजार रुपैयाँ (२४.३१ प्रतिशत) र पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपैयाँ (५८.३१ प्रतिशत) विनियोजन गरिएको छ। यो बजेट गत आर्थिक वर्षको तुलनामा ७.२८ प्रतिशतले बढी हो।

काँक्रेविहार संवाददाता
सुर्खेत, २ असार

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ।

आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले सोमबार प्रदेश सभा बैठकमा बजेट प्रस्तुत गरिएको हो।

प्रस्तुत बजेटमध्ये चालुतर्फ आठ अर्ब ६० करोड ४५ लाख ५६ हजार रुपैयाँ (२४.३१ प्रतिशत) र पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपैयाँ (५८.३१ प्रतिशत) विनियोजन गरिएको छ। यो बजेट गत आर्थिक वर्षको तुलनामा ७.२८ प्रतिशतले बढी हो।

प्रदेश सरकारले गुणस्तरीय पूर्वाधार विकास, मानव पुँजी निर्माण, रोजगारी सिर्जना, प्रविधिमैत्री कृषि तथा पर्यटन विकास, लगानी विस्तार, सुशासन र युवा सहभागितालाई प्राथमिकतामा राखेको जनाएको छ।

बजेट सार्वजनिक भएसँगै विभिन्न क्षेत्रबाट मिश्रित प्रतिक्रिया आएका छन्। सरोकारवालाहरूले बजेटको आकार बढेको सकारात्मक भए पनि यसको प्रभावकारी कार्यान्वयन र खर्च गर्ने क्षमता वृद्धि आवश्यक रहेको बताएका छन्।

नागरिक समाजका संयोजक तथा मध्यपश्चिम विश्वविद्यालयका पूर्वीडिन पीताम्बर ढकालले बजेटको आकार बढेसँगै खर्च गर्ने क्षमता पनि बढ्नुपर्नेमा जोड दिए। उनका अनुसार प्रदेश सरकारले चालु वर्षमा ठूलो रकम बचत हुने अनुमान गर्नु खर्च क्षमतामाथि प्रश्न उठाउने विषय हो।

विगतमा पनि विनियोजित बजेट खर्च गर्न नसकेको अनुभव दोहोरिन नहुने उनको भनाइ छ। नेपाल उद्योग वाणिज्य महासङ्घ कर्णाली प्रदेशका अध्यक्ष धनबहादुर रावतले निजी क्षेत्रसँग सहकार्य गर्ने प्रतिबद्धता सकारात्मक भए पनि लगानी भित्र्याउने र ठूला परियोजना प्रवर्द्धन गर्ने योजना पर्याप्त रूपमा समेटिन नसकेको टिप्पणी गरे।

यद्यपि बजेटको आकार वृद्धि र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने नीति स्वागतयोग्य रहेको उनले बताए। उता प्रतिपक्षी नेकपाले भने बजेटमा टुक्रे योजनालाई निरन्तरता दिइएको भन्दै असन्तुष्टि जनाएको छ।

पार्टीका सचेतक तथा पूर्वमन्त्री कृष्णबहादुर जिसीले बजेटको आकार बढे पनि प्राथमिकता र कार्यक्रमबीच स्पष्ट तालमेल नदेखिएको आरोप लगाए। उनले टुक्रे योजनाबाट अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुने भन्दै कार्यान्वयन पक्ष नै मुख्य चुनौती रहने बताए।

समग्रमा कर्णाली प्रदेशको आगामी बजेटलाई विकास र लगानीका दृष्टिले सकारात्मक रूपमा हेरिए पनि यसको सफलताको आधार प्रभावकारी कार्यान्वयन र खर्च क्षमतामा निर्भर रहने सरोकारवालाहरूको धारणा छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/०३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सार्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री चन्द्रप्रसाद चालिसे** धनी रहेको, **दर्ता नम्बर ४६६४/०७५/०७६** बाट **वीरेन्द्रनगर-४ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **चालिसे नास्ता पसल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

कर्णाली रङ्गशालाको अनुगमन गर्दै

मन्त्री पोखरेलले भने दशौँ राष्ट्रिय खेलकुद छिट्टै हुन्छ



काँक्रेविहार संवाददाता
सुर्खेत, २ असार

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीस्वरूप कर्णाली प्रदेश रङ्गशालाको अनुगमन गरेका छन्। अनुगमनका क्रममा उनले प्रतियोगिता निर्धारित समयमै सम्पन्न गराउन सरकार प्रतिबद्ध रहेको बताएका छन्।

मन्त्री पोखरेलले रङ्गशालाको निर्माण प्रगति, खेल पूर्वाधारको अवस्था तथा आवश्यक तयारीबारे जानकारी लिँदै दशौँ राष्ट्रिय खेलकुदको मिति छिट्टै तय गरिने बताए। उनले प्रतियोगिताको सफल आयोजना सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै आवश्यक समन्वय र स्रोत व्यवस्थापनमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरे। अनुगमनका क्रममा कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव रविन्द्र चन्दले रङ्गशालाको वर्तमान अवस्था, निर्माणको प्रगति तथा बाँकी कामबारे मन्त्री पोखरेललाई जानकारी गराएका थिए। उनले प्रतियोगिता आयोजना गर्न आवश्यक केही संरचना निर्माण तथा स्तरोन्नतिको काम जारी रहेको बताए।

मन्त्री पोखरेलले कर्णाली प्रदेशमा खेलकुद पूर्वाधार अझै पर्याप्त नभएको उल्लेख गर्दै खेल क्षेत्रको विकासका लागि सरकारले आवश्यक लगानी बढाउने बताए। उनले खेलाडी उत्पादनसँगै गुणस्तरीय खेल संरचना निर्माणलाई पनि प्राथमिकतामा राखिने स्पष्ट पारे। दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णाली प्रदेशमा आयोजना हुने भएपछि प्रदेशस्तरमा तयारी तीव्र पारिएकोछ।खेलकुदकर्मीहरूले प्रतियोगिताले कर्णालीको खेल पर्यटन, पूर्वाधार विकास तथा खेलाडी उत्पादनमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरेका छन्।

सरकारले प्रतियोगिता सफल बनाउन आवश्यक पूर्वाधार निर्माण, व्यवस्थापन तथा समन्वयलाई तीव्रता दिने जनाएको छ। मन्त्री पोखरेलको अनुगमनलाई दशौँ राष्ट्रिय खेलकुदको तयारीलाई थप गति दिने कदमका रूपमा हेरिएको छ। यसअघि दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता पटकपटक म्याद थप्ने तर अन्तिममा गएर स्थगित हुने गरेको थियो।

११ महिनामा ७ लाख बढी विदेशीय

काँक्रेविहार संवाददाता
काठमाडौं, २ असार

चालु आर्थिक वर्षको ११ महिनामा ७ लाख २२ हजार ८४१ व्यक्ति वैदेशिक रोजगारीका लागि बाहिरिएका छन्। चालु आव २०८२/८३ को जेठमसान्तसम्म वैदेशिक रोजगारीमा ७ लाख २२ हजार ८४१ जना गएको वैदेशिक रोजगार विभागले जनाएको छ। विभागका अनुसार यो संख्या नयाँ तथा पुनः श्रम स्वीकृति लिएर जानेको हो।

गत महिना वैशाखमा ७४ हजार ४२९ नेपाली वैदेशिक रोजगारीमा गएका थिए, तर वैशाख महिनाको भन्दा जेठमा भने कम नेपाली वैदेशिक रोजगारीमा गएका छन्। जेठ महिनामा ६१ हजार ७२ जना नेपालीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन्। विभागका अनुसार वैदेशिक रोजगारीमा जानेमा पुरुषको तुलनामा महिलाको संख्या निकै कम देखिएको छ। जेठ महिनामा ५३ हजार ६९८ पुरुष र ७ हजार ३७४ महिलाले श्रम स्वीकृति लिएका छन्।

आर्थिक वर्ष सकिन दुई महिना बाँकी रहेकाले यो वर्ष पनि वैदेशिक रोजगारीमा जानेको संख्या गत वर्षकै हाराहारीमा पुग्ने देखिन्छ। गत आर्थिक वर्ष २०८१/८२ मा ८ लाख ३९ हजार २ सय ६६ जना युवा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए। नेपालको अर्थतन्त्रमा रेमिट्यान्सको मुख्य स्रोत रहेको वैदेशिक रोजगारीप्रतिको आकर्षण अझै उच्च रहेको देखिन्छ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)